अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १ मिति : २०७८/०४/०१

## भाग - १

# अन्नपूर्ण गाउँपालिकाको शिक्षा ऐन, २०७७

**प्रस्तावना** :- राष्ट्रिय विकासको लागी आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक ब्यवस्था अनुकुल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न अन्नपूर्ण गाउँपालिका भित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरुको प्रभावकारी ब्यवस्थापन गर्दै स्थानीय, राष्ट्रिय र विश्वव्यापी बजारमा समायानुकुल प्रतिस्पर्धि, दक्ष, योग्य र सीपयुक्त जनशक्ति उत्पादनका लागी जिवनपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा ५७ (४), धारा २१४ (४), धारा २२६ (१) को अनुसची ८ को बुदा नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम तोकिएका आधारभुत तथा माध्यमिक शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकार कार्यान्वयन गर्न अन्नपूर्ण गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (क) यस ऐनको नाम "अन्नपूर्ण गाउँपालिकाको शिक्षा ऐन, २०७७" रहेको छ।

(ख) यो ऐन अन्नपूर्ण गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ।

(ग) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "ऐन" भन्नाले अन्नपूर्ण गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्दछ।

(ख) “संघीय शिक्षा ऐन” भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।

(ग) “प्रादेशिक शिक्षा ऐन” भन्नाले प्रदेश संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ ।

(घ) “स्थानीय तह” भन्नाले नेपालको संविधान बमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ङ) “सभा” भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्छ ।

(च) “गाउँपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको अन्नपूर्ण गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) “कार्यपालिका” भन्नाले अन्नपूर्ण गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ज) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागी दिइने प्रारम्भिक बाल शिक्षालाई सम्झनु पर्छ र सो शब्दले नर्सरी, केजी र मन्टेश्वरी शिक्षालाई समेत सम्झनु पर्छ ।

(झ) “आधारभुत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ञ) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ट) “विशेष शिक्षा” भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखि विशेष प्रकार र निश्चित माध्यम प्रयोग गरी दिइने शिक्षा सम्झनु पर्छ ।

(ठ) “समावेशी शिक्षा” भन्नाले देहाय बमोजिमको शिक्षा सम्झनु पर्छ ।

१. दृष्टिविहिन, न्युन दृष्टिविहिन, बहिरा, सुस्तश्रवण अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकाहरुलाई नियमित शैक्षिक पद्धतिका अधिनमा रहि दिइने शिक्षा,

२. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ड) “प्राविधिक तथा व्यवसायिक शिक्षा” भन्नाले प्राबिधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ढ) “विद्यालय शिक्षा” भन्नाले खण्ड (झ) र (ञ) बमोजिमको दुबैलाई सम्झनु पर्दछ ।

(ण) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार वा स्थानीय तह वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(त) “संस्थागत विद्यालय” भन्नाले निजी पहलमा स्थापना गरिएका, नेपाल सरकार वा स्थानीय तह वा गाउँपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(थ) “धार्मिक विद्यालय” भन्नाले परम्परागत रुपमा चलिआएका गुरुकुल, आश्रम, गोन्पा, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनु पर्छ ।

(द) “आवासीय विद्यालय” भन्नाले नेपाल सरकार ,प्रदेश सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृत प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(ध) “विद्यालय” भन्नाले सामुदायिक र संस्थागत विद्यालय सम्झनु पर्छ ।

(न) “मन्त्रालय” भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय र शिक्षा क्षेत्रसँग सम्बन्धित प्रादेशिक मन्त्रालयलाई समेत सम्झनु पर्छ ।

(प) “शिक्षक सेवा आयोग” भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको स्थायी नियुक्ति, बढुवा आदिका लागी सिफारिस गर्ने आयोग सम्झनु पर्छ ।

(फ) “पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय शिक्षा ऐन बमोजिम पाठ्यक्रम निर्माणको लागी जिम्मेवार निकायलाई सम्झनु पर्छ ।

(ब) “शिक्षक किताबखाना” भन्नाले संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(भ) “प्रमुख” भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(म) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(य) “शिक्षा शाखा” भन्नाले अन्नपूर्ण गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(र) “गाउँ शिक्षा अधिकारी” भन्नाले गाउँपालिकाको शिक्षा शाखाको शिक्षा अधिकृतलाई सम्झनुपर्दछ र शिक्षा अधिकृत नै शिक्षा शाखाको प्रमुखको रुपमा हुनेछ ।

(ल) “निरीक्षक” भन्नाले विद्यालयको निरीक्षण एवम् सुपरीवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(व) “स्रोतव्यक्ति” भन्नाले स्रोत केन्द्रहरुमा शैक्षिक कामकाज गर्न माध्यमिक तहका स्थायी शिक्षकहरु मध्येवाट मौजुदा नियमानुसार छनोट गरी काजमा खटाइएको ब्यक्तिलाई सम्झनु पर्छ ।

(श) “प्रधानाध्यापक” भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति प्राप्त विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ ।

(ष) “शिक्षक” भन्नाले विद्यालय अध्यापक सम्झनु पर्छ र सो शव्दले प्रधानाध्यापक समेतलाई जनाउँदछ ।

(श) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ, सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागी विद्यार्थीको बाबु, आमा वा

बाबुतर्फको बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएमा विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(ह) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(क्ष) “माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा” भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

(त्र) “आधारभुत शिक्षा उत्त्तीर्ण परीक्षा” भन्नाले आधारभुत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

(ज्ञ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज्ञ१) “अनुमति” भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

(ज्ञ२) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ।

(ज्ञ३) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नका लागी कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी शैक्षिक गुठी सम्झनु पर्छ।

(ज्ञ४) “शिक्षा समिति” भन्नाले यसै ऐनको दफा ११ (१) बमोजिम गठन भएको गाउँ शिक्षा समिति सम्झनु पर्छ।

(ज्ञ५) “परीक्षा समिति” भन्नाले आधारभुत शिक्षाको अन्त्यमा लिइने परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्छ।

(ज्ञ६) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले पाँच वर्ष उमेर पुरा नगरेका बालबालिकाको लागि खण्ड (ज) बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, के.जी, मन्टेश्वरी आदि सम्झनु पर्छ।

(ज्ञ७) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने निरन्तर सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ।

(ज्ञ८) “शैक्षिक परामर्श केन्द्र” भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारवाट वा यस पालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाइ सम्झनु पर्छ।

(ज्ञ९) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोवास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि), परमानेन्ट रेजिडेन भिसा

(पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाइ विदेशमा स्थायी रुपमा बसोवास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाइ जनाउँछ ।

(ञ१०) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ञ११) “स्थानीय सरकार सञ्चालन ऐन” भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

**३. <u>विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था</u> :**

(१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी वा सहकारी अन्तर्गत प्रारम्भिक बाल शिक्षा केन्द्र, आधारभुत विद्यालय, माध्यमिक विद्यालय र प्राविधिक विद्यालय, विशेष तथा खुल्ला विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाइ सम्बन्धित वडा समितिको सिफारिस सहित तोकिएको ढाँचामा गाउँ शिक्षा शाखाको कार्यालयमा निबेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय खोल्ने अनुमतिको लागी निबेदन परेमा गाउँ शिक्षा अधिकृतले निवेदन साथ प्राप्त कागजातहरु अध्ययन गर्ने र अनुगमन समितिले स्थलगत जाँचबुझ गरी गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम विद्यालय खोल्ने अनुमति दिन मनासिव भएको बैठकले निर्णय गरेमा तोकिएका शर्तहरु पालना गर्ने गरी गाउँ शिक्षा अधिकृतले अनुमति दिनेछ ।

(४) उपदफा (३) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्तबन्देज पालना तथा पूरा गरेको देखिएमा गाउँ कार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(५) यो नियम प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका संस्थागत विद्यालयले शैक्षिक गुठी तथा सहकारी अन्तर्गत संचालन गर्न चाहेमा कम्पनी खारेज गरि शैक्षिक गुठी वा सहकारी अन्तर्गत सञ्चालन गर्न गाउँ शिक्षा शाखामा तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम निबेदन परेमा गाउँ शिक्षा अधिकृतले निवेदन उपर आबश्यक जाँचबुझ तथा अनुगमन समितिले स्थलगत निरीक्षण गरी विद्यालयको माग मनासिव देखिएमा गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(७) उपदफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिईने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गादान दातब्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रुपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा ५ जना र निजी गुठी भए कम्तीमा ३ जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(९) सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा(९) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन ।

(११) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएका भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन । तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन सक्ने छ । त्यसरी विद्यालय खोल्नको लागी नेपाल सरकार समक्ष सिधै निबेदन दिन सकिनेछ ।

(१२) गाउँपालिकाले शैक्षिक, प्राविधिक तथा व्यवसायिक शिक्षा तथा तालिम प्रदान गर्ने विद्यालय, कलेज, बृहतर पुस्तकालय तथा शैक्षिक सामग्री केन्द्र स्थापना तथा सञ्चालन गर्न सक्नेछ । सो सञ्चालन गर्न गाउँपालिका छुटै कार्यविधि बनाई लागु गर्नेछ ।

(१३) निजि स्रोतबाट प्रारम्भिक बाल शिक्षाकेन्द्र र मातृभाषामा शिक्षा दिने विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम नै हुनेछ ।

(१४) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिनेछन ।

४. **विद्यालय सञ्चालन :** विद्यालय सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**५. परीक्षाको सञ्चालन र व्यवस्थापन :**

(१) माध्यमिक शिक्षा कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभुत तहको अन्त्यमा आधारभुत शिक्षा उत्तीर्ण (कक्षा ८) परीक्षा गाउँपालिका स्तरीय हुनेछ ।

(३) आधारभुत तह उत्तीर्ण परीक्षा समिति : आधारभुत तह उत्तीर्ण परीक्षाको सञ्चालन, व्यवस्थापन र नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभुत तह उत्तीर्ण परीक्षा समिति हुनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) स्थानीय तहको प्रमुखबाट मनोनयन गरिएको गाउँपालिका भित्रका आधारभुत र माध्यमिक तहको सामुदायिक विद्यालयका प्र.अ.हरुको प्रतिनिधित्व हुने गरी कम्तिमा एकजना महिला सहित २ जना मनोनित - सदस्य

(ग) गाउँपालिका भित्रका संस्थागत विद्यालयका शिक्षकहरुमध्येबाट परीक्षा समितिद्धारा मनोनित गरेका एकजना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा प्रमुख - सदस्य सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

(५) परीक्षा समितिले आबश्यकता अनुसार विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(६) परीक्षा समितिको वैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) आधारभुत तह उत्तीर्ण परीक्षा समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) गाउँपालिकाले तोकेको न्युनतम शैक्षिक स्तर कायम हुने गरी विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

(ग) गत बर्षको परीक्षा सञ्चालन भएका केन्द्रहरुको समिक्षा गरी फाल्गुन १५ गते भित्र परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने ,

(घ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(ङ) परीक्षार्थीहरुको आफ्नै विद्यालयमा केन्द्र होम सेन्टर नपर्ने गरी परीक्षा केन्द्र तोक्ने तर कुनै भौगोलिक विकटताका कारणले आफ्नै विद्यालयमा केन्द्र कायम गर्नुपर्ने भएमा केन्द्राध्यक्ष परीक्षार्थी सहभागी नभएको विद्यालयको शिक्षक वा प्रधानाध्यापकलाई तोक्ने,

(च) केन्द्राध्यक्षहरुलाई परीक्षा व्यवस्थापन सम्बन्धी अभिमुखीकरण गर्ने,

(छ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

(ज) परीक्षाफल प्रकाशित गराउने तथा उर्त्तीण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

(झ) परीक्षा शुल्क तथा परीक्षासम्बन्धी काममा खटिने व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(ञ) परीक्षाको अनुगमन गर्ने गराउने ,

(ट) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आबश्यकता अनुसार परीक्षा बदर गरी पुन परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्नुको साथै परीक्षामा अमर्यादित र अनुचित कार्य गर्ने केन्द्राध्यक्ष, निरीक्षक र अन्य परीक्षामा संलग्न कर्मचारीहरुलाइ नियमानुसार विभागिय कारवाहिका लागी गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(ठ) आबश्यकता अनुसार ग्रेडबृद्धि परीक्षा सञ्चालन गर्ने,

(ड) दैवि प्रकोप वा अन्य कुनै कारणवाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा भएमा तुरुन्तै आबश्यक निर्णय लिने ।

(ढ) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आबश्यकता अनुसार केहि अधिकार कुनै उपसमिति वा कार्य टोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ण) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने ।

**६. माध्यमिक शिक्षाको प्रकार :**

(१) माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ ।

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

तर त्यस्तो शिक्षामा थप एक बर्ष तोकिए बमोजिम व्यावहारिक अभ्यास गराइने छ ।

**७. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले आफ्ना नागरिकहरुको लागी शिक्षा सम्बन्धी विविध आबश्यक पुरा गर्न

पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, निरन्तर शिक्षा र दुर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम पाठ्यपुस्तक, सिकाई सहजीकरण प्रक्रिया र मुल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(४) गाउँपालिकाले आबश्यकता अनुसार सामुदायिक सिकाई केन्द्रमार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) तोकिएको पूर्वाधार पुरा गरेको पाइएमा गाउँपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा संचालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौचपारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था संघीय कानून र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

**८. <u>शिक्षाको माध्यम</u> :**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली  भाषा वा अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभुत तहको प्रारम्भिक बाल शिक्षा देखी कक्षा पाँच सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था गाउँपालिकाको समन्वयमा विद्यालयले मिलाउनुपर्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोहि भाषा हुनेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**९. <u>विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक</u> :**

(१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामाग्री लागु गर्नुपर्नेछ ।

(२) विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्नेछ । सो प्रयोजनका लागि गाउँपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गरी पाठ्यक्रम विकास गर्न सक्नेछ ।

(३) पाठ्यक्रम विकास केन्द्रले तोकेमा वा गाउँपालिकाले अन्य व्यवस्था गरेकोमा बाहेक विद्यालयहरुले कुनैपनि बहानामा ५ वर्ष सम्म तोकिएका पाठ्यपुस्तकमा परिवर्तन गर्न गराउन पाइने छैन ।

(४) पाठ्यपुस्तक परिवर्तन गर्न परेमा आवधिक समिक्षा गरी कारण सहित गाउँ शिक्षा समितिको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(५) गाउँपालिकाले सामुदायिक विद्यालयमा गुणस्तर र भाषा शिक्षामा सुधार ल्याउन गरिने प्रयासको हकमा उपदफा (३) ले रोकेको मानिने छैन ।

(६) पाठ्यक्रम, पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानून, प्रदेश कानूनमा व्यवस्था भए वा तोकिए बमोजिम हुनेछ ।

**१०. गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार :** गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. गाउँ शिक्षा समिति :** (१) गाउँपालिकामा देहाय बमोजिमको एक गाउँ शिक्षा समिति रहने छ ।

(क) गाउँपालिका प्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एकजना अधिकृत स्तरको कर्मचारी - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) गाउँ कार्यपालिकाका सदस्यहरुमध्येवाट गाउँ कार्यपालिकाले तोकेको एक/एक जना महिला र दलित - सदस्य

(ङ) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको आधारभुत वा माध्यमिक तहका प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेका कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(च) गाउँपालिकामा सञ्चालित विद्यालयहरुका वि.व्य.स.अध्यक्षहरु मध्येवाट गाउँ शिक्षा समितिले मनोनित गरेको १ जना - सदस्य

(छ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमी वा गाउँपालिका भित्र सञ्चालित विविध बैकल्पिक र जिवनपयोगी शिक्षा दिने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थावाट प्रतिनिधित्व हुने गरी गाउँ शिक्षा समितिबाट मनोनित एकजना - सदस्य

(ज) नेपाल शिक्षक महासंघ अन्नपूर्ण गाउँ कार्यसमितिको अध्यक्ष वा प्रतिनिधि एकजना - सदस्य

(झ) गाउँ शिक्षा अधिकारी वा गाउँपालिका भित्रका स्रोत केन्द्रका स्रोतव्यक्ति मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(३) समितिले विषय विशेषज्ञ वा शिक्षकका पेशागत संस्था वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१२. <u>प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार</u> :** प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१३. <u>गाउँ शिक्षा अधिकारीको काम कर्तब्य र अधिकार</u> :** गाउँ शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१४. <u>वडा शिक्षा समिति</u> :** (१) गाउँपालिका भित्रका वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहने छ :-

(क) सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष

(ख) सम्बन्धित वडा समितिले मनोनित गरेको वडा सदस्यहरु मध्येवाट कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

(ग) सम्बन्धित वडा भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका वि.व्य.स.र शि.अ.स. अध्यक्षहरु वा स्थानीय समाजसेवी, बुद्धिजिवि वा शिक्षा प्रेमीहरु मध्येवाट वडा शिक्षा समितिबाट मनोनित कम्तीमा १ जना महिला र दलित सहित ३ जना - सदस्य

(घ) वडा भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरु मध्येबाट उच्च तहको बरिष्ठ प्रधानाध्यापक एक जना - सदस्य

(ङ) सम्बन्धित वडा भित्र रहेका स्वास्थ्य चौकी प्रमुख वा निजले तोकेको कर्मचारी प्रतिनिधि - सदस्य

(चं) सम्बन्धित वडाको वडा सचिव वा वडाको प्रशासकिय काम गर्न तोकिएको कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) मनोनित सदस्यको पदावधि दुई बर्षको हुनेछ । मनोनित सदस्यले आफनो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन सक्ने छ ।

तर यसरी पदवाट हटाउनु अघि निजलाई आपनो सफाई पेश गर्ने मौकावाट बञ्चित गरिने छैन ।

(३) समितिले गाउँ शिक्षा अधिकारी, वडा भित्रका अन्य विद्यालय प्रधानाध्यापकहरु, विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१५. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :**

(१) गाउँपालिकाले समुदायमा साक्षरता, जिवनपयोगी सीप विकास, आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन र निरन्तर सिकाई पुस्तकालय व्यवस्थापन समेतको लागी तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुने छैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. अध्यापन अनुमति पत्र लिनुपर्ने :** सामुदायिक विद्यालयको स्थायी, अस्थायी र राहत अनुदान दरबन्दीमा आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि शिक्षण गर्न पाउने छैन ।

**१७. विद्याथी प्रोत्साहन तथा छात्रबृत्ति सम्बन्धी व्यवस्था :**

(१) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई प्रोत्साहन स्वरुप तोकिए बमोजिम छात्रबृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्धितीय र तृतिय हुने विद्यार्थीलाई क्रमश : शतप्रतिशत, पचास प्रतिशत तथा पच्चिस प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा दश प्रतिशत नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिव, महिला, जनजाति, दलित, अपाङ्गता भएका विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्ने तोकिए बमोजिमको एक छात्रवृत्ति छनोट समिति रहनेछ ।

(५) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागी विद्यार्थी छनोट गर्ने आधार तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. प्रारम्भिक बालविकास शिक्षा :**

(१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**१९. <u>साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने</u> :**

(१) गाउँपालिकाले सामुदायिक विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरु विच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) गाउँपालिकाले समुदायमा साक्षरता, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम ,कर्तव्य अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. <u>विद्यालय व्यवस्थापन समिति</u> :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको वडा समितिको सदस्य -सदस्य

(ग) विद्यालयको संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश बर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन ।

(३) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय तथा ब्यवसायसँग पालिकास्तरका उद्योग तथा वाणिज्य संघका दुई जना प्रतिनिधि सदस्य रहनेछन ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक, शिक्षा अधिकारी र स्रोत व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको व्यक्ति - सदस्य

(ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एक जना महिला सहित दुईजना - सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिको सदस्य - सदस्य

(घ) सम्बन्धित शिक्षा अधिकारी - सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरु मध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(८) उपदफा (१), (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । अध्यक्ष वा सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफनो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(९) उपदफा (८) व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिको अध्यक्षले र व्यवस्थापन समितिको अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समतिले स्वीकृत गर्नेछ ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) विद्यालयको सञ्चालनको लागी प्राप्त साधन र स्रोतको परिचालन गर्ने ,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अध्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक वजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा समिति र गाउँ शिक्षा शाखालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिरी गराई काममा लगाउने ।

छ) गाउँपालिकाले तोकेको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परिक्षण गराउने ।

ज) लेखा परीक्षकको प्रतिवेदन अनुसार आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन शिक्षा शाखामा पेश गर्ने,

झ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका, गाउँ शिक्षा समिति, गाउँ शिक्षा अधिकारी र वडा शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

ञ) आफैले नियुक्ती वा बढुवा गरेका शिक्षकको लागी तोकिए बमोजिमको पारिश्रमिक सुविधाको ब्यवस्था गर्ने,

ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघ गठन गर्ने ।

(११) सस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) विद्यालयको सञ्चालनको लागी प्राप्त साधन र स्रोतको परिचालन गर्ने ,

ख) विद्यालयको लागी आवश्यक भौतिक साधनको ब्यवस्था गर्ने,

ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

ङ) विद्यालयले गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने,

च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागी उमेद्‌वार हुन योग्यता पूरा गरेका ब्यक्तिलाई शिक्षक पदमा नियुक्ती गर्ने,

छ) नेपाल सरकारले तोकेको न्युनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलव दिने,

ज) अनुशासनहिन शिक्षक उपर कारबाही गर्ने,

झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लेखित ब्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै निति, नियम र निर्देशिकाहरुको पालना गर्ने,

१२) विद्यालय ब्यवस्थापन समितिको अन्य काम, कर्तब्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२ क). विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः (१) देहायको विद्यालय ब्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा अधिकारीको सिफारिसमा गाउँ शिक्षा समितिले त्यस्तो समिति विघटन गर्न सक्नेछ ।

तर त्यसरी विघठन गर्नु अघि उक्त समितिलाई आफनो सफाई पेश गर्ने मौका दिनु पर्ने छ ।

२) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा वा अन्य कुनै कारणले विद्यालय ब्यवस्थापन समिति गठन नभए सम्म विद्यालय ब्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२१. <u>गाउँ शिक्षा कोष</u> :** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन, शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी शिक्षक तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकास कार्य गर्न गाउँपालिका स्तरमा एक गाउँ शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :-

(क) संघिय सरकार/प्रदेश सरकारबाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान रकम

(घ) शिक्षा करबाट उठेको रकम

(ङ) चन्दावाट उठेको रकम

(च) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको कुल आम्दानी मध्ये तोकिए बमोजिम प्रतिशतले हुन आउने रकम

(छ) शिक्षा समिति तथा परिक्षा समितिको निर्णयानुसार अन्य रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, ब्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२२. <u>विद्यालय कोष</u> :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ ,जसमा देहायका रकमहरु रहनेछन् :

(क) संङ्घीय सरकार र प्रादेशिक सरकारबाट प्राप्त अनुदान रकम,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान

(ग) गाउँपालिकाबाट प्राप्त अनुदान

(घ) गाउँ शिक्षा कोषबाट प्राप्त अनुदान

(ङ) शुल्कबाट प्राप्त रकम

(च) चन्दा वा दान दातव्यवाट प्राप्त रकम

(छ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**२३. गाउँपालिकाले निर्देशन दिन सक्ने** : (१) गाउँपालिकाले आबश्यकता अनुसार गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु गाउँ शिक्षा समिति, वडा शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२४. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह मिलान वा घटाउन वा बन्द गर्न सक्ने** : (१) गाउँपालिकाले गाउँ शिक्षा समितिको राय लिई कुनै ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न, विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, हाल सञ्चालन भइरहेका ३० मिनेटको हिँडाईको दुरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न, कुनै विद्यालयको तह मिलान गर्न, वा घटाउन वा विद्यालय बन्द गर्न सक्नेछ ।

(२) गाउँपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**२५. विद्यालयको सम्पत्ति** : (१) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको अचल सम्पत्तिको स्वामित्व गाउँपालिकाको हुनेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको अचल सम्पत्ति सोहि विद्यालयको नाममा रहनेछ ।

(४) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) सामुदायिक वा संस्थागत विद्यालयले कुनै ब्यक्ति वा संघ संस्थासँग दान दातब्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदफा (४) बमोजिमको सम्पत्ति गाउँपालिकाको स्वीकृति विना सट्टापट्टा र बेचविखन गर्न पाइने छैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. <u>विद्यालयलाई छुट र सुविधा</u> :** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

**२७. <u>अनुमति वा स्वीकृति रद्द गर्ने</u> :** कुनै विद्यालयले यो ऐन, यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा गाउँपालिकाले दिएको निर्देशन विपरित अन्य कुनै काम गरेमा तोकिएको अधिकारी वा निकायले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ ।

तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मोकाबाट बञ्चित गरिने छैन ।

**२८. <u>विद्यालयको बर्गीकरण</u> :** विद्यालयलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ ।

**२९. <u>विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने</u> :**

(१) विद्यालयमा स्वतन्त्र भयरहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाच्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. <u>निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था</u> :**

(१) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निःशुल्क शिक्षा घोषण गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) कुनै संघ संस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिने छ ।

(३) सबै बालबालिकालाई आधारभुत तह सम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागी आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दुष्टिविहिन बालबालिकालाई ब्रेललिपि तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसके पछि पून: सोहि विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागी कुनै किसिमको भर्ना शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा मात्र दिइने छ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिन हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्छ ।

(१०) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई गाउँपालिकाले पचाँस हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

**३१. शिक्षक युनियन, शिक्षक तथा कर्मचारी पदीय आचरण र अन्य व्यवस्था :**

१) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीहरुको पेशागत हक हित तथा शैक्षिक उन्नयनको लागी कार्य तोकिए बमोजिम गाउँपालिका क्षेत्रमा एक शिक्षक महासंघको गाउँ समिति रहनेछ ।

२) नेपाल शिक्षक महासंघ गाउँ समितिको गठन ताकिए बमोजिम हुनेछ ।

३) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनुपर्नेछ ।

४) शिक्षक तथा कर्मचारीहरुको लागी आचारसंहिता तोकिनेछ । तोकिएको आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तब्य हुनेछ ।

५) तोकिएको आचारसंहिताको पालना नगरेमा एवम् देहायका अबस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ :-

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घं) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाईएमा ।

(६) उपदफा (५) बमोजिम वा अन्य कारण कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनुपर्ने यथेष्ट प्रमाण प्राप्त भएमा विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्न सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि सफाईको लागी मनासिव मौका प्रदान गरिनेछ ।

स्पष्टिकरण : उपदफा ५ को खण्ड (च) प्रयोजनका लागी “कार्यकारी समिति भन्नाले राजनितिक दलको विधान बमोजिम गठित केन्द्रिय स्तर, प्रदेश स्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्भनु पर्छ । ”

**३२. स्थायी आवासीय अनुमति लिन नहुने :**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिने छ । यसरी बर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

**३३. शैक्षिक योग्यता :** विद्यालय शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३४. शिक्षक विद्यार्थीको अनुपात र दरबन्दी मिलान :** (१) तोकिएको मापदण्डको आधारमा शिक्षक विद्यार्थी अनुपात र विषय मिलान हुने भन्दा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी सार्न वा शिक्षक सहितको दरबन्दी मिलान गर्न गाउँ शिक्षा अधिकारीको सिफारिसमा गाउँ शिक्षा समितिले सक्नेछ ।

**३५. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा वाहेक अन्य काममा लगाउन हुदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी, प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३६. शिक्षक तथा कर्मचारीको नियुक्ति, सेवाका शर्त र सुविधा :** (१) सामुदायिक विद्यालयमा तोकिए बमोजिमको दरबन्दी संख्यामा शिक्षक तथा कर्मचारी रहनेछन् ।

(२) नेपाल सरकारबाट सामुदायिक विद्यालयको स्वीकृत स्थायी र राहत दरबन्दीमा शिक्षक तथा कर्मचारीको करार नियुक्ति प्रक्रिया, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था संघीय शिक्षा कानून बमोजिम हुनेछ ।

**३७. <u>शिक्षक सरुवा</u> :** (१) सरुवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी गाउँ शिक्षा अधिकारी समक्ष निबेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गाउँपालिका भित्रको कुनै विद्यालयमा कार्यरत शिक्षकले आफू कार्यरत विद्यालय तथा सरुवा हुन चाहेको दुबैको सहमति साथ निवेदन दिएमा गाउँ अधिकारीले रिक्त दरबन्दी, तह र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई शिक्षा शाखा प्रमुखले रिक्त दरबन्दी र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवाका लागी गाउँ शिक्षा समिति समक्ष पेश गर्नेछ र समितिको निर्णयानुसार पालिका भित्र अन्तर विद्यालय सरुवा गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा गाउँपालिकाले आफ्नो पालिकाभित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणबश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष पूरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) स्थायी नियुक्ती लिएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिनेछैन ।

(५) अन्तर पालिका वा जिल्लान्तर सरुवा संघीय कानून बमोजिम हुनेछ ।

**३८. <u>शिक्षक छनौट समिति</u> :** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय ब्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्थानीय तहको शिक्षा अधिकृत वा सो नभए गाउँ शिक्षा अधिकारीले तोकेको प्रतिनिधि - सदस्य

(ग) गाउँपालिकामा सूचिकृत विषय विज्ञहरु मध्ये दुईजना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा पाठ्यक्रम, अन्य मापदण्ड वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो पाठ्यक्रम, मापदण्ड वा कार्यविधिको समेत पालना गर्नुपर्नेछ ।

(३) शिक्षक छनौट समितिको वैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**३९. <u>करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था</u> :** (१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले गाउँ शिक्षा अधिकारी मार्फत् शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागी प्रकाशित भएको सूची माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भएपछि सूचिमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमका आधारमा व्यवस्स्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागी करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागी कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्ति हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागी करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा गाउँ शिक्षा अधिकारीबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहत अनुदान कोटा र करार शिक्षक छनौट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए अनुसार हुनेछ ।

**४०. <u>प्रधानाध्यापक सम्बन्धी व्यवस्था</u> :** (१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापकको नियुक्ति गर्न विद्यालय व्यवस्थापन समितिले रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागी आधारभूत तह कक्ष १-५ संचालित विद्यालयको प्रधानाध्यापकको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह, आधारभूत तह कक्षा ६-८ सञ्चालित विद्यालयको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातक वा सो सरह र माध्यमिक तहको हकमा शिक्षा शास्त्र विषयमा कम्तिमा स्नातकोत्तर तह वा सो सरह उर्त्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धीत तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट दरखास्त आह्वान गर्नेछ ।

तर शिक्षा शास्त्र बिषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश बर्ष स्थायी सेवा गरेको शिक्षक पनि माध्यमिक तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त आह्वान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्यादभित्र विद्यालय विकास प्रस्ताव सहित व्यस्थापन समिति समक्ष दरखास्त दिन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनौट समिति समक्ष पठाउनेछ ।

(५) उपनियम (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनौट समितिले संघिय शिक्षा नियमावली, २०५९ को अनुसूची १३ मा उल्लेखित आधारमा मूल्याङ्कन गरी सबै भन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नुपर्नेछ ।

तर ६० अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापक पदमा नियुक्ति गरिनेछैन ।

(६) प्रधानाध्यापकले आफैले गरेको कार्यसम्पादन करार सम्झौता बमोजिम काम नगरेमा वा निजको काम सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित विद्यालय निरीक्षक वा गाउँ शिक्षा अधिकारीले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा गाउँ शिक्षा समितिले निजलाई प्रधानाध्यापक पदबाट जुनसुकै बखत हटाउन सक्नेछ । यस दफा बमोजिम प्रधानाध्यापक पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिनेछैन ।

(७) गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुमा उपदफा (२) बमोजिम योग्यता पुगेको प्रधानाध्यापक हुने शिक्षक उपलब्ध नभएमा गाउँ शिक्षा समितिले सो बमोजिमको योग्यता पुगेको शिक्षकलाई समेत सरुवा गरी सोको व्यवस्थापन गर्न सक्नेछ ।

**४१. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अबधि निजको सेवा अबधिमा गणना हुने छैन ।

**४२. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**४३. अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने :**

(१) कसैले पनि गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, शैक्षिक तालिम, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा र ट्युसन वा कोचिङ्ग सेन्टर सञ्चालन गर्न पाईने छैन ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४४. बालबालिकालाई अनिवार्य रुपमा विद्यालय पठाउनु पर्ने :**

(१) सबै अभिभावकले चार बर्ष पुरा भएका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँच बर्ष पुरा भएका बालबालिकालाई आधारभुत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्र भित्रका बालबालिकाहरुलाई पठाए, नपठाएको सम्बन्धमा गाउँ शिक्षा समिति, सम्बन्धित वडाको वडा अध्यक्ष, शिक्षा अधिकारी वा विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा समुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालय पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालय पठाउन लगाउनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम सम्झाई, बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई गाउँपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट बञ्चित गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न, विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्व शिक्षा समितिको हुनेछ ।

**४५. प्रगति विवरण बुझाउनु पर्ने :** सामुदायिक र संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**४६. दण्ड र सजाय सम्वन्धी व्यवस्था :**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा नोक्सान गरेमा गाउँपालिकाले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तरर्गत कारबाहीका लागी प्रक्रिया अगाडी बढाउन सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो ब्यक्तिलाई कानुन बमोजिम सजायका लागी गाउँपालिकाले सम्बन्धित निकायमा प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बिना प्रवेश गर्ने प्रर्यत्न वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा

छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा तयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (२) मा उल्लिखित कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम तोकिएको विभागीय सजाय हुनेछ ।

**४७. <u>अदालतको आदेशबाट पुनर्वहाली हुन सक्ने</u> :** (१) विभागीय सजाय भई नोकरीबाट हटाईएको वा पदवाट बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पूनर्वबहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पूनःबहाली भएको मितिसम्मको पूरा तलबभत्ता र तलब बृद्धि पाउने भए सो समेत पाउनेछ ।

**४८. <u>मुद्दा हेर्ने अधिकारी</u> :** (१) दफा ४४ बमोजिम सजाय हुने कसुर सम्बन्धि मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ । तर यस विषयमा अन्य प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ र सो विषयमा छुट्टै कानुन नभएमा यसै बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**४९. <u>दरबन्दी सिर्जना गर्न सक्ने</u> :** शुन्य दरबन्दी भएका सामुदायिक विद्यालय र विद्यार्थी संख्याको आधारमा वा विषयगत दरबन्दी अपुग भएका नेपाल सरकारद्धारा स्वीकृत प्राप्त विद्यालयका लागि गाउँपालिकाको आन्तरिक स्रोत र विद्यालयको आबश्यकता अनुसार निश्चित समयका लागि गाउँपालिकाको अनुदानबाट तलवभत्ता खाने गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ ।

**५०. <u>नियम बनाउने अधिकार</u> :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही गाउँ कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु,

(ख) विद्यालयको छात्रवृत्ति र निशुल्क शिक्षा,

(ग) विद्यालयलाई दिइने अनुदान,

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन र व्यवस्थापन,

(ङ) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण तथा मूल्याङ्कन,

(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान,

(छ) विद्यालय नक्साङ्कन र समायोजन,

(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग,

(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक ब्यवस्थापन,

(ञ) प्रारम्भिक बालशिक्षा केन्द्र ब्यवस्थापन,

(ट) विद्यालयको सह-शिक्षा तथा अतिरिक्त क्रियाकलाप र कार्यक्रम,

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ड) विद्यालयको नामाकरण,

(ढ) विद्यालयमा छात्रवास संचालन सम्बन्धि व्यवस्था,

(ण) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामाग्री,

(त) विशेष तथा समावेशी शिक्षा,

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा,

(द) दुर तथा खुला शिक्षा,

(ध) गाउँ शिक्षा कोष,

(न) विद्यालयको कोष,

(प) विद्यालयको पुस्तकालय र वाचनालय

(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा,

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम,

(य) प्रधानाध्यापक नियुक्तिको लागी आवश्यक योग्यता, काम, कर्तब्य, अधिकार र सुविधा,

(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ल) विद्यालयको परीक्षा

(व) स्थानीय तथा सामुदायिक पुस्तकालय र वाचनालय संचालन सम्बन्धि व्यवस्था,

(श) अभिभावक शिक्षा,

(ष) विद्यालयको आय - व्ययको जाँच,

(स) कार्यसम्पादन परीक्षण र विद्यार्थी सिकाई उपलब्धिमा आधारित शिक्षक तथा कर्मचारी प्रोत्साहन सुविधा

**५१. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनका दफा ११ बमोजिमको गाउँ शिक्षा समितिले आबश्यक निर्देशिका, कार्यविधि र मापदण्ड बनाई गाउँपालिका भित्र लागू गर्न सक्नेछ ।

**५२. विद्यालय विनियम :** (१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, सञ्चालन प्रक्रिया, आवश्यकता अनुसार आर्थिक व्यवस्थापन, शिक्षक व्यवस्थापन, शैक्षणिक क्रियाकलाप व्यवस्थापन लगायतका अन्य सान्दर्भिक विषयमा विनियम बनाई अभिभावक सभावाट पारित गराई लागु गर्नुपर्नेछ ।

(२) अभिभावक सभाले विनियम आबश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्ने व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत सम्पूर्ण विद्यालय परिवारको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक विनियम प्रतिलिपि पारित भएको मितिले सात दिनभित्र विद्यालयले गाउँपालिकाको शिक्षा शाखा र सम्बन्धीत वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।

(५) विद्यालयलको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो सरोकारवाला जो कोहिले पनि हेर्न पाउनेछ ।

**५३. बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५४. संसोधन :** यस ऐनका कुनै दफा संसोधन गर्नु परेमा गाउँसभाले संसोधन गर्न सक्नेछ ।

**५५. बचाउ र लागू नहुने :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहि बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरु संविधान, संघीय तथा प्रदेश कानूनसँग बाझिएको हकमा बाझिएका दफाहरु स्वतः निष्क्रिय हुनेछन ।

प्रमाणीकरण मिति : २०७७/११/२३

राजपत्रमा प्रकाशित मिति : २०७८/०४/०१

आज्ञाले,

सुरण प्रसाद शर्मा पौडेल

प्रमुख प्रशासकीय अधिकृत